सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

**संवत् २०८२ साल असोज १० गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २२९ औं बैठकले गरेको निर्णय-**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -**

- आ.व. २०८२/८३ को लागि प्रदेश नीति तथा योजना आयोगको अस्थायी संगठन संरचना एवं दरबन्दी तेरिज स्वीकृत गर्ने ।

२. **आन्तरिक मामिला तथा कानुन मन्त्रालय -**

- प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने ।
- प्रदेश सभा सचिवालयको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

**३. आर्थिक मामिला मन्त्रालय**

- प्रदेश लेखा इकाई कार्यालय, डोटी, डडेलधुरा र कञ्चनपुरको अस्थायी संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।
- सुदूरपश्चिम प्रदेश सरकारको स्वीकृत बजेट तथा कार्यक्रमको श्रोत व्यवस्थापन तथा खर्च मितव्ययिता सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने।

४. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय –**

- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत निकायको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

**५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

- सहकारी रजिष्ट्रार कार्यालय, धनगढी, कैलालीको रजिष्ट्रार अधिकारीको जिम्मेवारी उपसचिव श्री गणेश सिंह ऐरीलाई तोक्ने।
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत कार्यालयहरूको आर्थिक वर्ष २०८२/८३ को लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने।
- पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ को मस्यौदा स्वीकृत गर्ने र स्वीकृत मस्यौदा प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

**६. भौतिक पूर्वाधार विकास मन्त्रालय-**

- प्रादेशिक आयोजना व्यवस्थापन एकाई (PPMU) र खानेपानी तथा सरसफाई डिभिजनहरूको आयोजनातर्फको अस्थायी संरचना र सोका लागि आवश्यक पर्ने अस्थायी दरवन्दी तेरिज स्वीकृत गर्ने ।